मुख्यमन्त्री

**सुदूरपश्चिम प्रदेश सरकार**

धनगढी, कैलाली, नेपाल



## शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान् चाड ईद (ईद-उल-फित्र) पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

ईद (ईद-उल-फित्र) पर्वलाई मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्सेर आपसमा खुसीयाली साटासाट गर्दै शुभकामना आदान प्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । ईदमा विशेष नमाज समर्पण गरिसकेपछि आफूभन्दा ठूला बडाबाट आशिर्वाद लिने र आफूभन्दा सानालाई आशिर्वाद दिंदै मिष्टान्न परिकारसमेत खाने र खुवाउने परम्परा रहिआएको छ ।

यस पर्वले मुस्लिम समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकास गर्न टेवा पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस पर्वले सम्पूर्ण नेपालीहरूबीच सामाजिक एकता, परस्पर विश्वास आपसी समझदारी, आदर, सम्मान तथा दिगो शान्ति एवं भाइचाराको भावनाका साथै बृहत राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

धन्यवाद !

२०८१ चैत्र, १८ गते सोमबार ।

**कमल बहादुर शाह**

**मुख्यमन्त्री**